कर्मचारीहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा पुरस्कार सिफारिस समितिबाट अपनाइएका मापदण्डहरु :

क) पुरस्कारको लागि सिफारिश गरिएका कर्मचारीहरुले कम्तिमा ३ बर्ष स्थायी सेवा अवधि पूरा गरेको ।

ख) व्यवस्थापनले जुन किसिमको पुरस्कारको लागि सिफारिश गरेको छ, सो सम्बन्धमा व्यवस्थापनको पुष्ट्याई वा स्वघोषित रुपमा निवेदन दिने कर्मचारीहरुको हकमा निज कर्मचारीले आफु योग्य रहेको भनी स्वंयम पेश गरेको प्रमाण पुष्ट्याई ।

ग) कार्य सम्पादन मूल्याङ्कनमा गत तीन आ.व. मा कम्तिमा ९० प्रतिशत अंक प्राप्त गरेको ।

घ) गत तीन आ.व. मा कुनै प्रकारको विभागीय कारवाहीमा नपरेको ।

ङ) पुरस्कारको लागि सिफारिश हुने कर्मचारीको नाममा हालसम्मको व्यक्तिगत बेरुजु कायम नरहेको ।

च) पुरस्कारको लागि सिफारिश हुने बर्ष सन् २०१६ मा असाधारण विदा र अध्ययन विदा नलिएको ।

छ) पुरस्कारको लागि सिफारिस हुने कर्मचारीले यस अघि कुनै प्रोत्साही पुरस्कार पाएको भए त्यस्तो पुरस्कार पाएको मितिले पांच बर्ष अवधि पूरा भएको ।